## अनुसूचि– १

(दफा ४ तथा अनुसूचि– १ को भाग– २ सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्याः ७८ मितिः२०८१/०४/०३

## भाग २ -

## त्रिवेणी गाउँपालिका

**स्थानीय बजार व्यवस्थापन अनुगमण सम्बन्धि बनेको मापदण्ड, २०८१**

त्रिवेणी गाउँपालिका रूकुम (पश्चिम)

आज्ञाले,

नामः प्रेम बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत

# स्थानीय वजार व्यवस्थापन  अनुगमन सम्वन्धि वनेको मापदण्ड २०८१

**प्रमाणिकरण मितिः २०८१/०४/०१**
**प्रकाशन मितिः २०८१/०४/०३**

**प्रस्तावनाः** नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारलाई प्रयोग गरी स्थानीय वजारलाई व्यवस्थित गर्दै गाउँवासी जनताका दैनिक उपभोग्य वस्तुहरु घरायसी प्रयोगका वस्तुहरु सर्वसुलभ ढङ्गले विक्री वितरण र खरीद गर्न सकुन्, वजारलाई सफा, सुग्घर, सुन्दर राख्ने काम सहज वनाउन, वजारमा गुणस्तरीय माल सामानको आपूर्ती प्रणालीलाई व्यवस्थित गरी मानव हितका लागि उपयोगी वनाउन तिनको गुणस्तरको मापन गरी गुणस्तर नियन्त्रण गर्नु पर्ने आवश्यकता भएकाले नेपालको संविधान धारा २२६ ले कानून वनाउन पाउने अधिकार र व्यवस्थापकिय अधिकार २२१ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) को अधिकार प्रयोग गरी गाउँपालिकाद्धारा स्थानीय वजार व्यवस्थापन सम्वन्धि मापदण्ड २०८१ बनाइएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस मापदण्डको नाम "स्थानीय वजार व्यवस्थापन सम्वन्धि व्यवस्था गर्न वनेको मापदण्ड २०८१"हुने छ ।

(२) यो मापदण्ड गाउँकार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति वाट लागू हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"तोकिएको ठाउँ"** भन्नाले गाउँकार्यपालिकाले व्यापार व्यवसाय उद्योग सञ्चालन गर्नको लागि निर्धारण गरेको स्थानलाई जनाउछ ।

(ख) **"तोकिएको विवरण"** भन्नाले कार्यपालिकाले पसल स्थापना गर्दा विक्री गर्न अनुमति प्रदान गरेको विषयलाई जनाउने छ ।

(ग) **"अनुगमण समिति"** भन्नाले यसै मापदण्डको प्रावधान १० (१) बमोजिम गठन भएको बजार अनुगमन गर्ने समितिलाई सम्झनु पर्दछ ।

(घ) **"नाम सारी"** भन्नाले विधिवत रुपमा एउटा व्यक्ति र कम्पनी फर्मका नाममा दर्ता भएकोमा अर्को व्यक्तिका नाममा हक हस्तान्त्रण भई जाने प्रक्रियालाई जनाउने छ ।

(ङ) **"प्रतिवन्धित"** भन्नाले कानूनले मान्यता नदिएको स्थान, खाद्यपदार्थ र औषधी विषादीलाई सम्झनु पर्छ ।

(च) **"कालो बजारी"** भन्नाले खाद्यान्न र घरायसी प्रयोग औषधीजन्य वस्तुहरु कृतिम अभाव खडा गरी कानूनले तोकेको नाका भन्दा वढी मूल्य लिई विक्री गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(छ) **"व्यवसाय"** भन्नाले व्यक्तिगत, सामुदायिक तथा साझेदारिको रुपमा कम्पनी फर्म वा संस्था दर्ता गरी सो मार्फत यो मापदण्ड तथा अन्य प्रचलित कानून बमोजिम गरिने सवै प्रकारका उत्पादनमूलक उद्योग माल सामान खरीद विक्री गर्ने थोक तथा खुदा पसलहरु सेवामूलक तथा स्वास्थ्यमूलक क्लिनिक औषधि पसल तथा अस्पतालहरु, फलफूल तथा तरकारी मासुजन्य उत्पादन तथा विक्री वितरण गर्ने कार्यलाई व्यवसाय भनिन्छ ।

## परिच्छेद -२
## दर्ता नामसारी, दर्ता खारेजी तथा स्थान निर्धारण

**३. दर्ता सम्वन्धि प्रक्रिया:** (१) गाउँकार्यपालिका भित्र कुनै पनि प्रकारका उद्योग, स्वास्थ्य क्लिनिक, अस्पताल, व्यापार व्यवसायहरु तथा सेवा प्रदायक व्यवसायहरु गाउँपालिकाको स्वीकृति र दर्ता विना सञ्चालन गर्न पाइने छैन ।

(२) उद्योगधन्दा, पसल, स्वास्थ्य क्लिनिक वा अन्य व्यवसाय गर्ने व्यक्ति, फर्म, कम्पनीले दर्ताको तोकिएको ढाँचाको आवेदन फारम भरी पेश गर्नुपर्ने छ । यसरी पेश भएको फारम उपर सम्वन्धित अधिकारीले छानविन गरी दर्ता गर्न मिल्ने भए दर्ता गरी दर्ताका प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ  तर दर्ता पूर्व स्थानीय उद्योग वाणिज्य संघको सिफारीस अनिवार्य हुने छ । साथै नामसारी कारोवार परिवर्तन, ठेगाना परिवर्तण गर्नु परेमा उद्योग वाणिज्य संघको सिफारीस अनिवार्य हुनुपर्ने छ ।

(३) दर्ता गर्न नमिल्ने भएमा कारण सहित जानकारी गराउनु पर्ने छ ।

(४) तोकिएको ठाँउ र तोकिएको विवरण वाहेकमा व्यवसाय सञ्चालन र विक्री वितरण गर्न वन्देज छ । सामान्यतया सामानको अवस्था त्यसले पार्ने वातावरणीय प्रभाव, ट्राफिक व्यवस्था फोहोरमैला उत्पादन, मानव स्वास्थ्यलाई प्रतिकूल असर पार्ने जस्ता विषयलाई मध्येनजर गरी खास प्रकारका उपभोग्य तथा व्यवसायिक सामान जस्ता राखेर विक्री वितरण गर्न पाइने भन्ने विषय तोकिए बमोजिम हुने छ ।

**४. दर्ता नविकरण**: गाउँकार्यपालिकावाट दर्ता गरिएको उद्योग व्यवसाय तोकिए बमोजिमको शूल्क लिई दर्ता र नविकरण गर्नु पर्ने छ । तर विदेशी नागरिकको हकमा व्यवसाय सञ्चालन अनुमति लिदा दर्ता र नविकरण शुल्क फरक हुन सक्ने छ ।

**५. दर्ता खारेजी:** (१) देहायको अवस्थामा कुनै पनि फर्म, कम्पनी, उद्योग, व्यवसाय, क्लिनिक, पसलको दर्ता खारेजी गरी सार्वजनिक सूचना मार्फत जानकारी गराइने छ ।

(क) लगातार ३ वर्ष सम्म नविकरण नगरेमा,

(ख) दर्ता गरे अनुसार काम नगरेमा,

(ग) पटक पटक सचेत गराउँदा पनि म्याद नाघेका माल वस्तु विक्री वितरण गरेको पाइएमा,

(घ) दर्ता गरेको एक वर्ष भित्रमा कुनै व्यवसाय र उद्योग सञ्चालन नगरेमा,

(ङ) तोकिएको स्थान भन्दा अन्य ठाउँमा पसल राखी संञ्चालन गरेमा,

(२) दर्ता खारेज गर्नु अघि सुनुवाइको मौका प्रदान गरिने छ ।

६. **<u>नामसारी</u>**: कुनै पनि पसल व्यवसाय, उद्योग विक्री गरी वा सो सञ्चालक वा प्रोपाइटरको निधन भई नाम सारी गर्नु पर्ने भएमा तोकिएको ढाँचामा फारम भरी नामसारीको आवेदन गर्नु पर्नेछ । यसरी आएको आवेदन उपर छानविन र अध्ययन गरी अधिकार प्राप्त अधिकारीले नामसारी गरिदिनु पर्ने छ । तर नियमित नविकरण नगरिएको र तोकिएको ठाउँमा व्यवसाय सञ्चालन नगरेको फर्म, पसल, क्लिनिक, कम्पनी र उद्योग व्यवसायलाई नामसारी गरिने छैन ।

७. **<u>उद्योग, पसल, फर्म, स्वास्थ्य क्लिनिक, व्यवसायको लागि स्थान निर्धारणः</u>** (१) सामान्यतया गाउँकार्यपालिकाले पसल, उद्योग, व्यवसाय, क्लिनिक, अस्पताल सञ्चालनको लागि स्थान निर्धारण गरिने छ । स्थान निर्धारण गर्दा सम्भव भए सम्म एकै प्रकारका फर्म, पसल, क्लिनिक, कम्पनी र उद्योग व्यवसायलाइ एकै ठाउँमा सञ्चालन गर्न अनुमति दिइने छ ।

(२) स्थान निर्धारण प्रक्रिया देहाय वमोजिम स्थान निर्धारण प्रक्रिया हुने छ ।

(क) समिति गठन गरी त्यसको प्रतिवेदनको आधारमा स्थानको छनौट गरिने छ ।

(ख) स्थान निर्धारण गर्दा ध्यान दिनु पर्ने कुराहरु विद्युत, पिउने पानी, सौचालय, फोहोरमैला व्यवस्थापन, सुरक्षा प्रवन्ध, वाटोघाटो आदि ।

८. **<u>उद्योग, फर्म, पसल सञ्चालनमा प्रतिवन्धः</u>** (१) निम्न स्थानमा निम्न अनुसारका पसल, उद्योग, फर्म, सञ्चालन गर्न अनुमति दिइने छैनः

(क) मठमन्दिर, सार्वजनिक तथा धार्मिक स्थल, आसपासमा ३०० मिटर भित्र धुम्रपान, मध्दपान, ग्रिल उद्योग, फर्निचर उद्योग, ठुलो आवाज आउने व्यवसायहरु, माछा, मासु पसलहरु राख्न पाइने छैन ।

(ख) अस्पतालको ३०० मिटर आसपासमा मध्दपान, मदिरा, ग्रिल उद्योग, ठुलो आवाज आउने व्यवसायहरु, माछा, मासु पसलहरु राख्न पाइने छैन ।

(ग) विद्यालयको २०० मिटर आसपासमा धुम्रपान, मध्दपान, मदिरा, ग्रिल उद्योग, फर्निचर उद्योग, ठुलो आवाज आउने व्यवसायहरु, माछा, मासु पसलहरु राख्न पाइने छैन ।

(घ) खुल्ला रुपमा पशुपंक्षी बधशाला राख्न पाइने छैन ।

(२) मन्दिर, अस्पताल वा विद्यालय आसपासमा अनुमति नलिई उल्लेखित कार्य गरे कारवाही हुनेछ ।

(३) बैंक, वित्तिय संस्था, ठुला सपिङ्ग महलहरुले व्यवसाय सञ्चालन गर्दा पार्कीङ्गको अनिवार्य व्यवस्था गरेको हुनु पर्नेछ ।

९. **<u>बजार व्यवस्थापनः</u>** (१) सवारी साधनको चाप र सडक प्रावधान अनुसार सेटव्याक नछोडी घर टहरा निर्माण गरी सडक अतिक्रमन भएमा सडक प्रावधान अनुसार व्यवस्थापन गरिने छ ।

(२) झुल्नेटा र सिम्रुतु बजारमा सडकको दायाँ बायाँ २ मिटर पैदल मार्ग निर्माण गरिने छ ।

(३) सडकमा हाँस, कुखुरा छोड्ने, निर्माण सामाग्रीहरु सिमेन्ट, बालुवा, ढुङगा, गिट्टी जथाभावी फाल्न पाइने छैन ।

(४) सिम्रुतु बजारमा मुरुखोला खारा जाने सडक मोड भित्र टिकट काउन्टर राख्न पाइने छैन ।

(५) सडक मिचि घर टहरा बनाई बसेका व्यक्तिलाई सडक अतिक्रमणकारीको रुपमा सूचिकृत गरिने छ ।

(६) माथि उपप्रावधान (३) र (४) को दण्ड जरिवान गर्ने क्षेत्राधिकार गाउँपालिकालाई हुनेछ ।

## परिच्छेद -३
## अनुगमन समितिको गठन, काम, कर्तव्य र अधिकार

**१०. अनुगमन समिति गठन सम्वन्धी व्यवस्थाः** (१) वजारलाई नियमित अनुगमन गर्न गाउँ कार्यपालिकाले निम्न अनुसार को प्रतिनिधित्व हुने गरी समिति गठन गर्ने छ :-

(क) संयोजक : गाउँपालिकाले तोकेको गाउँपालिका सदस्य १ जना

(ख) सदस्य : गाउँकार्यपालिकाले तोकेको गाउँकार्यपालिका सदस्यहरु : २ जना

(ग) सदस्य :त्रिवेणी गाउँपालिका बाणिज्य संघ अध्यक्ष वा प्रतिनिधि : १ जना

(घ) सदस्य : जिल्ला प्रशासन कार्यालय प्रमुख वा प्रतिनिधि : १ जना

(ङ) सदस्य : सम्वन्धित विषय विज्ञ : १ जना

(च) सदस्य : प्रथम नागरिक समाज प्रतिनिधिः १ जना

(छ) सदस्य पत्रकार मध्ये : १ जना

(ज) सदस्य : नेपाल सरकार नाप तौल तथा गुणस्तर मापन कार्यालय प्रतिनिधि १ जना

(झ) सदस्य : प्रहरी चौकी प्रमुख वा प्रतिनिधि १ जना

(ञ) सदस्य सचिव : गाउँपालिकाले तोकेको कर्मचारी १ जना

**११. बजार अनुगमन समितिको कार्यकाल** : अनुगमन समितिको कार्यकाल २ वर्षको हुनेछ । गाउँपालिकाले उचित ठानेकोमा सोही समितिलाई अर्को एक कार्यकाल थप गर्न सक्नेछ । तर समितिको संयोजक २ कार्यकाल भन्दा बढी दोहोरीने छैन ।

**१२. बजार अनुगमन समितिको काम, कर्तव्य,र अधिकार देहाय बमोजिम हुनेछ :** (१) बजारको समग्र पक्षहरु व्यापार, पसल, व्यवसाय, उद्योग धन्दा, कल कारखानाको नियमित अनुगमन प्रत्येक महिनामा गर्ने ।

(२) अनुगमनमा देखिएका कमी कमजोरीहरुका हकमा सचेत गराउनु पर्ने भए तत्काल लिखित रुपमा सचेत गर्ने,

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

(३) दर्ता खारेजी, दण्ड जरिवाना गर्नु पर्ने भए जरिवानाको किसिम, बिगो रकम समेत खोली गाउँपालिका अध्यक्ष मार्फत गाउँपालिका मा सिफारीस गर्ने,

(४) कमि कमजोरी सच्याउन निर्देशन गर्ने,

(५) प्रत्येक पटकको अनुगमन प्रतिवेदन गाउँपालिका मा पेश गर्ने,

(६)बजार थप व्यवस्थित गर्ने कार्य योजना बनाई गाउँपालिका मा पेश गर्ने,

**१३. <u>अनुगमन क्षेत्र र विषय</u> :** (१) अनुगमन समितिले तपशिलका विषयमा अनुगमन गर्नु पर्नेछ :-

(क) बजारमा बेचविखन गरिने उपभोग्य तथा व्यवसायिक सामान खाद्य पदार्थको गुणस्तर,

(ख) खाद्यान्न, पेय पदार्थ, औषधीहरुको उपभोग गर्ने समय सिमा निर्धारण,

(ग) प्रतिवन्धित औषधि, विषादि विक्री तथा प्रयोग,

(घ) निर्धारित मूल्य सूची,

(ङ)प्रतिवन्धित ठाउँमा राखिएका र खोलिएका पसलहरु,

(च) फुटपाथमा बिक्री गरिने खाद्य पदार्थको गुणस्तर,

(छ) गाउँकार्यपालकाद्धारा अनुमति प्रदान गरेका उत्पादित पेय तथा खाद्य पदार्थको गुणस्तर,

(ज) उपभोग्य तथा व्यवसायिक सामानको अभाव, कालो बजारी आदि,

(झ) खाद्य पदार्थको उपयोग समय सिमा,

(ञ) प्रत्येक उत्पदित सामानमा प्रत्येक समयको उपभोग्य मिति प्रष्ट सँग उल्लेख गरिएको हुन् पर्नेछ ।

(ट) लागू औषधि विक्री वितरण ।

**१४. <u>अनुगमन प्रक्रिया</u> :** (१) सामान्य तया अनुगमनका लागि निम्न तरीका अवलम्वन गरिने छ ।

(क) खुल्ला अनुगमनः सार्वजनिक जानकारी गरी वा विना जानकारी : प्रत्येक

(ख) गोप्य अनुगमन : जुनसुकै वखत

(ग) आवश्यकता अनुसार आकस्मिक रुपमा अनुगमन गरिने छ ।

**१५. <u>गोपनियता</u>** : अनुगमन गर्दा प्राप्त भएका कमि कम्जोरीहरु व्यक्ति, पसल फर्म, कम्पनी, उद्योग व्यवसायको रुपमा नतोकी सर्वसाधारणको जानकारीको लागि कुनै पनि सञ्चार माध्यमवाट सार्वजनिक गर्न सकिने छ र गाउँकार्यपालिकाद्धारा कारवाही गरिएका दर्ता खारिज गरिएका जरिवाना गरिएका हरुको हकमा भने सञ्चार माध्यम मार्फत सार्वजनिक गर्न सकिने छ ।

**१६. <u>अनधिकृत रुपमा सूचना चुहावट गर्न नहुने</u> :** वाहिर सार्वजकि रुपमा सूचना दिने भनिएका विषय वाहेक अरु कुनै पनि सूचना सुहावट गर्न पाइने छैन । कुनै प्रति पुर्वाग्रह लिने अनुचित लाभ लिने गरी सूचना चुहावट गरे त्यस्ता व्यक्तिलाई यसै मापदण्ड अनुरुप कार्वाही हुने छ ।

१७. **अनुगमनको मुचुल्का तथा अभिलेख :** (१) अनुगमन गर्दा देखिएका कमी कमजोरीहरुको अभिलेख सूची गराउनु पर्छ । म्याद नाघेका माल समान, खाद्यपदार्थ तथा औषधिहरु मिसावट खाद्यपदार्थहरु प्रतिवन्धित औषधिहरु गुणस्तरहिन खाद्यपदार्थको अलग अलग मुचुल्का वनाउनु पर्छ । मुचुल्काको साथमा छाया चित्र लिनु पर्ने छ । अनुगमनका लागि तोकिएको फाराम अनुसूची- १ बमोजिम हुनेछ ।

(२) उल्लेखित कार्य नगरेको भनी व्यवसायीले जिकिर लिएमा जाँच वा प्रमाणका लागि चाहिने आवश्यक मात्र राखी त्यसको छुट्टै मुचुल्का खडा गरी जाँच गर्नु पर्ने भएमा सम्वन्धित निकायमा पठाउनु पर्ने छ ।

(३) निर्विवाद रुपमा नष्ट गर्नु पर्ने देखिएमा प्रावधान १७ (१) बमोजिमका वस्तुहरु प्रहरी तथा सम्भव भएसम्म वाणिज्य संघका प्रतिनिधि र भद्र भलाद्मी राखी नष्ट गर्नुपर्नेछ तर विवादित वस्तुहरु जाँच भई नआएसम्म नष्ट गर्न पाइने छैन ।

(४) अनुगमनका लागि मुचुल्काको ढाँचा अनुसूची- २ बमोजिम हुने छ ।

१८. **अनुगमनको स्टीकर :** (१) प्रत्येक पसलमा उद्योग फर्म, कम्पनीमा निम्नअनुसार स्टीकर अनुगमन प्रश्चात सवैले देख्ने स्थानमा टाँस गर्न लगाइने छ ।

(क) हरियो स्टीकर (गोलो भित्र- धन्यवाद ) कुनै खरावी र कम्जोरी नपाइएमा,

(ख) रातो स्टीकर ( गोलो भित्र- सचेत रहनुहोला ) त्रुटि सच्याउनु पर्ने देखिएमा,

(ग) कालो स्टीकर (गोलो- आइन्दा गल्ती नगर्नुहोला ) सजाय गर्नु पर्ने हकमा,

(घ) पँहलो स्टीकर (गोलो- भित्र दर्ता प्रक्रियामा सामेल हुनुहोला )दर्ता नगरी सञ्चालन गरिएका उद्योग व्यवसायको हकमा ।

१९. **कारवाही भई पुन :** व्यवसाय सञ्चालन गर्न अनुमति भएमा वा त्रुटि सच्याए पश्चात् भने हरियो स्टीकर टाँसिने छ ।

## परिच्छेद -४

## थोक तथा खुद्रा मुल्य सूची र मुल्य निर्धारण समिति सम्वन्धी व्यवस्था

२०. **थोक तथा खुद्रा मुल्य सूचि सम्वन्धि व्यवस्थाः** (१) वजारमा बिक्रीमा राखिएको फलफूल, तरकारी, गल्ला किराना, कस्मेटिक सामानको अनिवार्य मुल्य सूची सार्वजनिक गरेर मात्र वेचविखन गर्न पाइने छ । मुल्य सूची नराखी बेचविखन गरेको पाइएमा यसै प्रावधान अनुसार दण्ड जरिवाना हुने छ ।

(२) मुल्य सूची अवधि देहायको पसलमा देहाय वमोजिमको मुल्य सूची राख्ने समय सिमा निर्धारण गरीएकोक छ :

(क) साग सब्जी तथा फलफूलको हकमा प्रत्येक ३ /३ दिनमा,

(ख)गल्ला, किराना पसलको हकमा प्रत्येक ७/७ दिनमा,

(ग) कस्मेटिक सामानको वस्तुको मूल्य स्टीकरमा राखी विक्री गर्नु पर्ने छ ।

(घ) एकदामको पसलमा एकलटमा खरिद भएका सामान विक्री पश्चात मुल्य निर्धारण गर्नु पर्ने छ ।

२१. **<u>मूल्य सूची निर्धारण समितिः</u>** (१) विक्रीमा राखिएका माल सामानको विक्रीमूल्य निर्धारण गर्न देहाय बमोजिमको प्रतिनिधित्व हुने गरी मुल्य सूची निर्धारण समिति गठन गरिने छ :

(क) फलफूल तरकारीका लागिः

| | |
|---|---|
| संयोजक : तरकारी, फलफूलको थोक विक्रेता मध्येवाट | १ जना |
| सदस्य : तरकारी फलफूलको खुद्रा बिक्रता मध्येवाट | १ जना |
| सदस्य : त्रिवेणी उद्योग वाणिज्य संघ तोकेको | १ जना |
| सदस्य : उपभोक्ता मध्येवाट | १ जना |
| सदस्य सचिव : गाउँकार्यपालिकाले तोकेको कर्मचारी | १ जना |

(ख) गल्ला किरानाका लागि

| | |
|---|---|
| संयोजक : थोक विक्रेता वाट | १ जना |
| सदस्य : खुद्रा विक्रेता मध्येवाट | १ जना |
| सदस्य : त्रिवेणी उद्योग वाणिज्यसंघले तोकेको | १ जना |
| सदस्य : उपभोक्ता मध्येवाट | १ जना |
| सदस्य सचिव : गाउँकार्यपालिकाले तोकेको कर्मचारी | १ जना |

(ग) कस्मेटिक सामान र एकदामको सामानको लागी विक्रेता स्वयमले विल अनुसार मुल्य स्टीकर टाँस्ने छ ।

(घ) खासखास वेलामा मात्र मुल्य निर्धारण गर्नु पर्ने पसल जस्तै माछा, मासु, अण्डा विक्रीको लागि

**(१) खसीको लागिः**

| | |
|---|---|
| संयोजक : मासु विक्रेतावाट | १ जना |
| सदस्य : गाउँ उद्योग वाणिज्य संघले तोकेको व्यक्ति | १ जना |
| सदस्य : सम्वन्धीत विषयको विज्ञ | १ जना |
| सदस्य : उपभोक्ता मध्येवाट | १ जना |
| सदस्य सचिव : गाउँ कार्यपालिकाले तोकेको कर्मचारी | १ जना |

(२) माछाको लागिः

| | |
|---|---|
| संयोजक :माछा विक्रेता वाट | १ जना |
| सदस्य : त्रिवेणी उद्योग वाणिज्य संघले तोकेको व्यक्ति | १ जना |
| सदस्य : सम्वन्धित विषय विज्ञ | १ जना |

त्रिवेणी गाउँपालिका रूकुम (पश्चिम)

सदस्य : उपभोक्ता मध्येवाट १ जना

सदस्य सचिव : गाउँकार्यपालिकाले तोकेको कर्मचारी १ जना

(३) कुखुराको मासु तथा अण्डाको लागि :

संयोजक : कुखुरा तथा अण्डा बिक्रेता मध्येवाट १ जना

सदस्य : त्रिवेणी उद्योग वाणिज्य संघले तोकेको व्यक्ति १ जना

सदस्य : मासु व्यवसाय मध्येवाट १ जना

सदस्य : उपभोक्ता मध्येवाट १ जना

सदस्य सचिव : गाउँकार्यपालिकाले तोकेको कर्मचारी १ जना

(४) सुगुर, बंगुर, राँगा, भैसिको मासूको लागिः

संयोजक : सुगुर, वंगुर, राँगा, भैसिको मासुविक्रेता मध्ये १ जना

सदस्य : त्रिवेणी उद्योग वाणिज्य संघले तोकेको व्यक्ति १ जना

सदस्य : सम्वन्धीत विषय विज्ञ १ जना

सदस्य :उपभोक्ता मध्येवाट १ जना

सदस्य सचिव : गाउँकार्यपालिकाले तोकेको कर्मचारी १ जना

(२ ) उपभोक्ता समितिले निर्धारण गरेको मुल्य सार्वजनिक रुपमा सवैले देख्ने गरी वोर्डमा लेख्नु पर्नेछ । त्यसको एक प्रति गाउँपालिका मा पेश गर्नुपर्नेछ ।

२२. **मुल्य सूची निर्धारण समितिको काम, कर्तव्य, र अधिकार** : (१) मूल्यसूची निर्धारण समितिको काम, कर्तव्य र अधिकार निम्न अनुसार रहेको छ :

(क) मूल्य सूची राखे नराखेको निरीक्षण गर्ने,

(ख) मूल्य सूची निर्धारण गर्ने,

(ग) मूल्य सूची नराखेको भए राख्न लगाई नियमित गर्ने,

(घ) बिक्रेता आफैंले मूल्य सूची टाँस्न पाउने, कस्मेटिक र एक दरका सामानको विल अनुसार निश्चित नाफा राखी मुल्य सूचीको स्टिकर टाँसे नटाँसेको निरीक्षण गर्ने । साथै सोही बमोजिम स्टिकर टाँस्न लगाउने,

(ङ)स्टीकर नटाँसेमा सचेत गर्ने र पुनःसो कार्य दोहोऱ्याएमा कारवाहीका लागि गाउँपालिका मा सिफारिस गर्ने ।

२३. **मूल्य सूची निर्धारण समितिको कार्यकाल** : (१) मुल्यसूची निर्धाण समितिको कार्यकाल २ वर्षको हुने छ ।

(२) गाउँपालिका ले आवश्यक ठानेमा एक कार्यकाल थप गर्न सक्ने छ ।

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

## परिच्छेद -६

## दण्ड सजाय र पुनरावेदन

२४. **दण्ड सजाय :** (१) कुनै पनि व्यापारी, कम्पनी, फर्म, क्लिनिक, अस्पताल आदिलाई देहायको अवस्थामा देहाय वमोजिमको दण्ड सजाय हुने छ :

(क) दर्ता अनुमति नलिई फर्म कम्पनी, पसल वा अन्य व्यवसाय सञ्चालन गरेमा रु २५,००० हजार,

(ख) दर्ता अनुमति नलिई उद्योग सञ्चालन गरेमा रु १०,००० हजार,

(ग) तोकिएको स्थानमा वा अनुमति लिएको स्थान भन्दा अलग स्थानमा व्यवसाय गरेमा रु १५,००० हजार,

(घ) म्याद नाघेको उपभोग्य तथा व्यवसायिक सामान विक्री गरेमाः

(१) पहिलो पटकमा सचेत पत्र,

(२) दोस्रो पटक भए रु १,००० देखि रु ५,००० हजार सम्म व्यवसायको प्रकृतिहेरी जरिवाना,

(३) पुन :दोहोरिएमा दर्ता खारेजी (दर्ता खारेजीमा परेका व्यवसायलाई पुन : सोही प्रकारको व्यवसाय सञ्चालन अनुमति दिइने छैन )

(ङ) गुणस्तरहिन खाद्यपदार्थ विक्री गरेमा :

(१) पहिलो पटकमा सचेतपत्र,

(२) दोस्रो पटक भए रु १००० हजार देखि रु ५००० हजार सम्म व्यवसायको प्रकृति हेरी जरिवाना

(३) पुन : दोहोरिएमा दर्ता खारेजी ( दर्ता खारेजीमा परेका व्यवसायलाई पुन : सोही प्रकारको व्यवसाय सञ्चालन अनुमति दिइने छैन )

(च) प्रतिवन्धी औषधी विक्री गरेमाः

(१) पहिलो पटक रु ५,००० हजार जरीवाना,

(२) दोस्रो पटक भए रु २०,००० हजार जरीवाना,

(३) तेस्रो पटक भए दर्ता खारेजी

(छ) सडक अतिक्रमण गरेमाः

(१) यसै मापडण्दको प्रावधान ९ को उपप्रावधान (३) को व्यवस्था उल्लङघन भएमा १० हजार सम्म जरिवाना गरिने छ ।

(२) प्रावधान ९ को उपप्रावधान (४) को व्यवस्था उल्लङघन भएमा १ हजार देखि १० हजार सम्म जरिवाना गरिने छ ।

(४) प्रावधान ९ को उपप्रावधान (५) को व्यवस्था उल्लङघन भएमा १० हजार देखि १ लाख सम्म जरिवाना गरिने छ ।

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

(५) प्रावधान ९ को उपप्रावधान (३) र (४) व्यवस्था उल्लङ्घन  भएमा उठाइएको जरिवानाको ५० प्रतिशत रकम जरिवाना गर्ने संस्थामा रहने र बाँकी ५० प्रतिशत रकम पालिकाको राजश्व खातामा जम्मा गरिने छ ।

(ज) खाद्यपदार्थ मिस्याई विक्री गरेमा वा मान स्वास्थ्यका हिसावले मिसावट गर्न नहुने पर्दाथ मिसावट गरी बिक्री गरेमा :

(१) पहिलो पटक सचेत गराउने,

(२) दोस्रो पटक भए मिसावटको अवस्था मानव सेवा, स्वास्थ्य प्रतिकूलता हेरी रु १००० देखि ५००० हजार सम्म व्यवसायको प्रकृतिहेरी जरिवाना गर्ने,

(३) तेस्रो पटक भए रु १०,००० हजार जरिवाना गर्ने,

(४) चौथो पटक भए पसल, उद्योग व्यवसाय दर्ता खारेजी गर्ने ।

(झ) अनुसूची- ३ मा उल्लेख भए वमोजिम खाद्यपदार्थमा अखाद्यवस्तु मिसाई वेचविखन गरेमाः

(१) पहिलो पटक सचेतपत्र प्रदान गर्ने,

(२) दोस्रो पटक भए रु १००० देखी रु ५००० हजार सम्म व्यवसायको प्रकृतिहेरी जरिवाना ।

(३) तेस्रो पटक भए दर्ता खारेजी ।

(ञ) बध गरी विक्री गर्न निषेध : गाई, गोरु, कुकुर, विराला र संघिय कानूनले निषेध गरेका र संरक्षणको सूचीमा राखिएका पशुपन्क्षी, जलचरहरु वध विक्री वितरण गरेमा प्रचलित कानून वमोजिम कारवाही चलाउन प्रहरीलाई जानकारी गराउने ।

(ट) <u>मुल्य सूची नराखेमा</u> :

(१) पहिलो पटकमा जरिवाना          रु १०००। हजार

(२) दोश्रो पटकमा जरिवाना          रु २०००। हजार

(३) तेश्रो पटकमा जरीवाना रु          रु ३००० । हजार

(४) तीन तीन पटक जरिवाना गर्दा समेत अटेरी गरेमा दर्ता खारेजी प्रक्रियाको निम्ति गाउँपालिका मा सिफारिस गर्ने ।

(ठ) सजाय गर्नु अघि माथि प्रावधान १९ बमोजिम अनुगमन समितिले खडा गरेको मुचुल्कामा उल्लेखित वस्तुहरुको जाँच वा प्रमाण राखिएकोमा जाँच भई आएको कागज प्रमाण र वस्तुलाई समेत आधार वनाउनु पर्ने छ ।

(ड) जरिवान गर्नु अगाडी सचेत गर्ने, सचेत गर्दा पनि अटेर गरे माथि उल्लेख भए वमोजिम मूल्य निर्धारण समितिले जरिवाना गर्नु अगाडी स्पष्टिकरण सोधी सफाईको मौका दिइने छ ।

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

(ढ) दर्ता खारेज गर्नु पर्ने देखिएमा एक पटकको लागि गाउँपालिका ले प्रावधान २४ (१) (ख) बमोजिम जरिवाना गरी व्यवसाय सञ्चालन गर्न अनुमति दिइने छ तर पुनः सो कार्य दोहोरिएमा दर्ता खारेजी गरी पुनःसोही प्रकारको व्यवसाय गर्न अनुमति दिइने छैन । जरिवाना वा दर्ता खारेजी गर्दा गाउँपालिका ले सफाइको मौका दिनु पर्ने छ ।

२५. **अनुगमन समितिलाई कारवाही :** (१) देहायको अवस्थामा अनुगमन समितिलाइ कारवाही हुने छ :

(क) अनुचित लाभका लागि कसैसँग नगद जिन्सी लिएको पाइएमा,

(ख) प्रतिवन्धित सूचना चुहावट गरेमा,

(ग) अधिकार क्षत्रभन्दा वाहिरको काम गरेमा,

(घ) दुख : दिने नियतले काम गरेमा,

(२) कारवाही गर्नु अघि सफाइको मौका दिइने छ ।

२६. **सजायको प्रकार र सजाय गर्ने निकाय :** (१) सचेत गराउने प्रावधान (२४ ) (१) (ज) वमोजिम अनुगमन समितिले

(२) दण्ड जरिवानाको सिफारीस गर्ने छ तर दर्ता खारेजी गाउँकार्यपालिकाले गर्ने छ ।

२७. **कारवाही प्रक्रिया :** (१) अनुगमन समितिले लिखित रुपमा सचेत गराउने वा स्टीकर टाँस्ने कार्य गर्न सक्ने छ । सो कार्य गर्दा स्पष्टिकरण सोधी रहनु पर्ने छैन । तर सचेत गराउँदा पनि अटेर गरेमा लिखित स्पष्टिकरण सोधी थप कारवाहीको लागि गाउँपालिका मा सिफारीस गर्नु पर्ने छ ।

(२) दण्ड जरीवाना वा दर्ता खारेजी सम्वन्धी सजाय भने गाउँपालिकाले मात्र गर्न पाउनेछ । तर सजाय गर्नु पूर्व सुनुवाइको मौका प्रदान गर्नु पर्नेछ । सजाय गर्दा अनुगमन समितिको प्रतिवेदन र रायलाई समेत आधार वनाइनेछ ।

(३) प्रावधान २५ (क) को हकमा सोही बमोजिम हुनेछ ।

२८. **पूनरावेदन सम्वन्धि व्यवस्था :** (१) अनुगमन समितिले सचेत गर्ने गरी टाँसेको स्टिकर दिएको सचेतपत्र वा प्रावधान २५ (१) ज बमोजिम गरिएको जरीवाना उपर गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

(२) गाउँपालिकाले गरेको निर्णय उपर गाउँसभाद्धारा गठित ३ सदस्यीय पुनरावेदन समिति समक्ष ३५ दिन भित्र पुनरावेदन गर्न पाउने छ । पुनरावेदन समितिले गरेको निर्णय अन्तिम हुने छ ।

२९. **नक्कल दिनु पर्ने :** कारवाही सम्वन्धी निर्णय मिसिल सरकारवालाले माग गरेमा प्रति पाना रु २० का दरले दस्तुर लिई नक्कल दिनु पर्ने छ ।

## परिच्छेद -७

## विविध

३०. **वैंक तथा वित्तिय संस्थाः** प्रत्येक आर्थिक वर्षको समय समाप्ती सँगै कर चुक्ताको प्रमाणपत्र त्रिवेणी गाउँपालिका र त्रिवेणी उद्योग वाणिज्य संघमा सोको प्रतिलिपी पेश गर्नुपर्ने छ।

३१. **खारेजी र वचाउ :** (१) यो मापदण्ड लागू हुनु भन्दा अगाडी व्यापार व्यवसाय सञ्चालनमा रहेका व्यवसायहरु यही मापदण्ड अनुसार भए गरेको मानिने छ।

(२) सो बमोजिम भए गरेको काम कारवाहीहरु यसै मापदण्ड वमोजिम भए गरेको मानिने छ।

## अनूसूची १

**परिच्छेद ४ को प्रावधान २० उपप्रावधान (२) संग सम्बन्धित अनुगमनका लागि तोकिएको फारम**

त्रिवेणी गाउँकार्यपालिका वजार व्यवस्था

| | |
|---|---|
| व्यवसायको नाम : | |
| किसिम : | |
| अनुगमनको मिति र समयः | पहिलो /दोस्रो /तेस्रो |
| अनुगमनमा प्राप्त त्रुटी | |
| अनुगमन पछिको सुझावः | |
| प्रदान गरिएको स्टिकर : | |
| अनुगमनको किसिम : | आकस्मिक/नियमित |

यो अनुगमन मेरो उपस्थितिमा भएको हो। उपरोक्त विवरणको अनुगमन कसैको दवाव र प्रलोभनमा नपरी स्वतन्त्रता पूर्वक गरिएको हो।

नाम थर

दस्ताखतः

प्रोप्राइटर र विक्रेता नाम थरः

ठेगानाः

बजार अनुगमन समितिः

मितिः

त्रिवेणी गाउँपालिका रूकुम (पश्चिम)

## अनुसूचि २

**परिच्छेद - ३ को प्रावधान १४ को उपप्रावधान (१) सँग सम्वन्धित अनुगमन मुचुल्का**

कर्णाली प्रदेश जिल्ला रुकुम त्रिवेणी गाउँपालिका वडा नं वस्ने श्री को नाति श्री को छोरा /छोरी /पत्नी वर्ष का श्री को फर्म /पसल /उद्योग व्यवसायको गाउँकार्यपालिका द्धारा गठिन वजार अनुगमन समितिले मिति गतेका दिन अनुगमन गर्दा तपशिल अनुसारको कैफियत देखिन आएकोले यो मुचुल्का उठाइएको छ । देखिएका कैफियतहरु यथासमयमा सुधार गर्ने निर्देशन गरिन्छ । यो मुचुल्का मेरो उपस्थितिमा उठाएको हो । यसमा लेखिएको विवरण झुट्टा छैन ।

अनुगमनमा देखिन आएका कमी कमजोरी र त्रुटीहरु :

१

२

३

अनुगमन समितिका तर्फवाट

दस्तखत :

नाम थरः संयोजक

ठेगानाः

व्यवसायको नामः

व्यवसायको ठेगानाः

सम्पर्क नम्वरः

## अनुसूची ३

**परिच्छेद ६ मापदण्डको प्रावधान २४ को उपप्रावधान (१) (ज) सँग सम्वन्धित**

मिसावट गर्न प्रतिवन्ध :

क ) देहायमा उल्लेख भए अनुसार कसैले पनि जुन सुकै कामका लागि मिसावट गर्न प्रतिवन्ध हुने छ ।

ख ) नौनी वा खारेको घिउमा डाल्डा, कोला, पिडालु, पिठो, विस्कुट जन्य मिसाएर वेच्न ।

ग ) तोरी तेलमा आलस, चिउरी, पाम आदिको तेल मिसाएर वेच्न

घ ) मिठाइ, पकौडा पापड जेरीमा अखादे रङ्ग मिसाएर वेच्न